# निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको Ed- 598 को आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

शोध पत्र


शोधकर्ता
पदम सापकोटा
त्रि. वि. दर्ता नं. : ५२१-८७
परीक्षा रोल नं. : २१४००५२/०६४
क्याम्पस रोल नं. : १९५
शैक्षिक वर्ष : २०६२/०६३



सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ

चैत्र, २०६९

विषय : सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको शैक्षिक योजना तथा व्यवस्थापन (EPM) विषयमा स्नातकोत्तर तहका विद्यार्थी पदम सापकोटाले मेरो निर्देशनमा रही तयार पार्नु भएको **निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता** शिर्षकको शोधपत्रदेखि म पूर्ण सन्तुष्ट छु र यो शोध अध्ययनको आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

............................

लक्ष्मीकुमार श्रेष्ठ

शोध निर्देशक

मिति २०६९/०९/१०

विषय : स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङका स्नातकोत्तर तह द्वितीय बर्षका विद्यार्थी पदम सापकोटाले शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तरगत एम. एड. तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता** शिर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक तथा शोध निर्देशक | ........................... |
| २. | श्री गणेशप्रसाद दहाल | सदस्य, शोध मूल्याङ्कन समिति | ........................... |
| ३. | प्रा.डा. अरविन्दलाल भोमी | बाह्य परीक्षक | ........................... |

मिति २०६९/१२/१०

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि **निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता** विषयमा प्रस्तुत शोधपत्र तयार पारिएको हो । यो शोधपत्रलाई यस स्वरुपमा ल्याउने क्रममा आफ्नो अमूल्य समय, श्रम तथा महत्वपूर्ण सुझाव दिई कुशल निर्देशन एवं पथप्रदर्शन गर्नुहुने सुकुना बहुमुखी क्याम्पस स्नातकोत्तर कार्यक्रमका कार्यक्रम संयोजक तथा शोधनिर्देशक श्रद्धेय गुरु श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोध पत्रको तयारीका क्रममा आवश्यक पर्ने विषयवस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने सुकुना बहुमुखी क्याम्पस परिवारलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो शोधकार्यका लागि आवश्यक पर्ने तथ्यांक उपलब्ध गराउनुका साथै अन्तरवार्ताका माध्यमले महत्वपूर्ण सुझाव तथा सूचना प्रदान गर्नु हुने पथरी श्रोत केन्द्रका स्रोत व्यक्ति, यस स्रोत केन्द्र हेर्ने वि.नि. विद्यालयमा रहेका आवश्यक तथ्यांक उपलब्ध गराउनुका साथै प्रश्नावली भरी सहयोग पुऱ्याउनु हुने प्रधानाध्यापक ज्यूहरु, प्रश्नावली भरी सहयोग पुऱ्याउनु हुने शिक्षक ज्यूहरु समेत धन्यवादका पात्र हुनुहुन्छ । त्यसरी नै लेखन कार्यमा सुझाव, सल्लाह र सहयोग पुऱ्याउनु हुने मित्रहरु रबिन भट्टराई, प्रेमप्रकाश कोइराला तथा पर्शुराम मिश्रका साथै समय र वातावरण मिलाई सहयोग पुऱ्याउने श्रीमति नर्मदा रेग्मीलाई धन्यवाद दिन चाहन्छु ।

पदम सापकोटा

# शोधसार

**निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता** विषयमा प्रस्तुत शोध अध्ययनको प्रमुख उद्देश्य निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि बीचैमा विद्यालय छाड्ने दरको तुलनात्मक अध्ययन गर्नु रहेको छ ।

यस शोध कार्यका विद्यालयको अभिलेखबाट प्राप्त परिमाणात्मक तथ्याङ्कलाई तालिका, प्रतिशत तथा स्तम्भचित्रमा र प्र.अ., शिक्षक, वि. नि. तथा स्रोतव्यक्तिबाट प्राप्त गुणात्मक र परिमाणात्क तथ्याङ्कलाई तालिका र तार्किक व्याख्या, विश्लेषण र विवेचना गरिएकोले मिश्रित ढाँचाको प्रयोग भएको छ । अध्ययनको लागि नमूनाको रुपमा पथरी स्रोत केन्द्र अन्तर्गतका ४० वटा सामूदायिक विद्यालयहरु मध्ये जम्मा ४ वटा विद्यालयहरु, ती विद्यालयका प्र.अ.हरु ४ जना, छनौट गरिएका विद्यालयमा कक्षा १-३ मा अध्यापनरत शिक्षकहरु २/२ जनाका दरले ८ जना, पथरी स्रोत केन्द्रका स्रोत व्यक्ति १ जना र यसै क्षेत्रका वि. नि. १ जनालाई लिइएको छ भने अवलोकन फारम, प्रश्नावली, अन्तरवार्ता प्रश्नावलीबाट प्राथमिक र विद्यालय अभिलेख, विभिन्न शोधपत्र, प्रतिवेदनबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस अध्ययनको परिणामले निरन्तर मूल्याङ्कन सबै विद्यालयहरुमा कार्यान्वयन भए पनि प्रभावकारी हुन नसकेको, आवधिक परीक्षा पनि कायम नै रहेको, विद्यार्थी कार्यसंचयिका पूर्ण रुपमा प्रयोग हुन नसकेको, नियमित अनुगमन र सुपरीवेक्षण हुने नगरेको, निरन्तर मूल्याङ्कनका सबै मापदण्डहरु प्रयोग गरेर विद्यार्थीको मूल्याङ्कन गर्ने नगरिएकोले प्रभावकारी हुन नसकेको, निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछिको विद्यालय छाड्ने दरमा नमूना विद्यालयहरु मध्ये जनता उच्च मा.वि.मा सुधार आउन नसकेको देखिन्छ भने अन्य ३ वटा विद्यालयहरु जनता प्रा.वि., दुर्गा नि.मा.वि. र जनकल्याण मा.वि.मा क्रमिक सुधार आएको तथा चारवटै विद्यालयहरुको औसत दरका आधारमा तुलनात्मक विश्लेषण गर्दा तीनवटै कक्षाहरुमा सुधार हुदै गएको पाइएता पनि आमूल रुपले कमी आउन नसकेको देखिन्छ । विद्यालय छाड्ने कारणहरुमा परीक्षाको डर, परिवारको गरिबी, सामाजिक अवस्था, चेतना, विद्यालयमा दिइने सजायको डर देखिन्छ भने निरन्तर मूल्याङ्कन प्रणाली लागू भए पछि पनि विद्यालय छाड्ने दरमा पूर्ण रुपमा सुधार नआउनुका

कारणहरुमा विद्यालयहरुले सरकारी सुविधा लिनका लागि वास्तविक तथ्याङ्क नदेखाउनु, निरन्तर मूल्याङ्कन प्रणालीको व्यवहारिक कार्यान्वयन नहुनु, प्रभावकारी तालिमको अभाव, विद्यालयको वातावरण बालमैत्री हुन नसक्नु रहेको देखिन्छ ।

बालबालिकाहरुले विद्यालय छाड्ने दरमा कमी ल्याउन वास्तविकभन्दा बढी विद्यार्थी संख्या देखाउने प्रवृत्तिलाई निरुत्साहित तथा दण्डित गरिनु पर्ने, अभिभावकमा चेतना फैलाउनु पर्ने, रोजगारीको अवसर सिर्जना गर्नु पर्ने, विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाइनु पर्ने, बालमैत्री, अपाङ्गमैत्री विद्यालयको विकास हुनुपर्ने, मनोरञ्जनात्मक रुपमा कक्षा सञ्चालन गरिनु पर्ने, प्र. अ.लाई विद्यालय व्यवस्थापन प्रति जिम्मेवार बनाइनु पर्ने, समाहित शिक्षामा जोड दिनु पर्ने तथा निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन निरन्तर मूल्याङ्कन सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्ने, विद्यार्थीको घरायसी वातावरण पहिचान गरी अभिभावकलाई सुझाव दिने, निरन्तर मूल्याङ्कन सम्बन्धी नियमित अनुगमनको व्यवस्था हुनु पर्ने, कमजोर विद्यार्थीलाई सिक्न उत्प्रेरित गर्ने उपायहरु अवलम्बन गर्ने, कक्षाकार्यलाई उपयोगी र आवश्यकतामुखी बनाउन जोड दिने, पाठ्यक्रममा तोकिए अनुसार निरन्तर मूल्याङ्कनका सबै मापदण्डको प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गर्नु पर्ने, पाठ्यक्रममा तोकिएको ढाँचा र समयमा निरन्तर मूल्याङ्कनको अभिलेख राख्नु पर्ने, अनिवार्य रुपमा विद्यार्थी कार्यसञ्चयिकाको निर्माण र प्रयोग गर्नु पर्ने, कमजोर र कम उपस्थित हुनेका लागि वैकल्पिक कक्षाको व्यवस्था गर्ने लगायतका उपायहरुलाई अवलम्बन गरिनु पर्ने देखिन्छ ।

# विषय सूचि


| | | |
|---|---|---|
| | | पृष्ठ संख्या |
| | सिफारिस पत्र | क |
| | स्वीकृति पत्र | ख |
| | कृतज्ञता ज्ञापन | ग |
| | शोधसार | घ |
| | तालिका सूचि | ज |
| | चित्र सूचि | झ |
| | संक्षिप्त शब्दको पूरा रुप | ञ |
| | **परिच्छेद एक : परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको औचित्य | ५ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ | अध्ययनको परिसीमा | ७ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक ढाँचा** | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ | अध्ययनको सैद्धान्तिक ढाँचा | ११ |
| २.३ | पुनरावलोकनको उपादेयता | १२ |
| | **परिच्छेद तीन : अनुसन्धान विधि** | |
| ३.१ | अनुसन्धान ढाँचा | १३ |
| ३.२ | जनसंख्या | १३ |
| ३.३ | नमुना छनौट | १३ |
| ३.४ | अनुसन्धानका साधनहरु | १४ |
| ३.५ | तथ्याङ्कको स्रोत | १५ |
| ३.६ | तथ्याङ्क सङ्कलन विधि | १५ |

३.७ तथ्याङ्क विश्लेषण विधि १६

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या

४.१ निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको वर्तमान अवस्था १७
४.१.१ निरन्तर मूल्याङ्कनका आधारहरु र प्रयोगको अवस्था १७
४.१.२ विद्यार्थी कार्यसञ्चयिका/प्रगति विवरणको निर्माण र प्रयोगको अवस्था १८
४.१.३ सिकाइ स्तर वृद्धि गर्न अपनाइने सुधारका उपायहरुको अवस्था १९
४.१.४ निरन्तर मूल्याङ्कनमा अभिलेखीकरणको तरीका र प्रयोगको अवस्था १९
४.१.५ विद्यार्थीहरुको श्रेणी विभाजनको आधार र यसको प्रयोगको अवस्था २०
४.२ निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु पूर्व र लागू भए पश्चात बीचैमा विद्यालय छाड्ने दरको तुलना २१
४.२.१ निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि विद्यालय छाड्ने दरको अवस्था २२
४.२.२ निरन्तर मूल्याङ्कन प्रणाली लागू भए पछि विद्यालय छाड्ने दरको अवस्था २५
४.२.३ निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु पूर्व र लागू भए पश्चात बीचैमा विद्यालय छाड्ने दरको तुलना ३०
४.३ बीचैमा विद्यालय छाड्ने कारण र यसमा कमी ल्याउने उपायहरु ३६
४.३.१ विद्यार्थीले बीचैमा विद्यालय छाड्ने कारणहरु ३६
४.३.२ बीचैमा विद्यालय छाड्ने दरमा कमी ल्याउने उपायहरु ३९
४.४ निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने उपायहरु ४१

## परिच्छेद पाँच : प्राप्ति, निश्कर्ष र सुझावहरु

५.१ प्राप्ति ४३
५.२ निश्कर्ष ४६
५.३ सुझावहरु ४७
सन्दर्भ ग्रन्थ सूचि
अनुसूचिहरु

# तालिका सूचि


| तालिका नं. | | पृष्ठ संख्या |
|---|---|---|
| ४.१ | निरन्तर मूल्याङ्कनका मापदण्डहरुको प्रयोग | १८ |
| ४.२ | कार्यसञ्चयिकाको निर्माण र प्रयोगको अवस्था | १८ |
| ४.३ | शिक्षकले निरन्तर मूल्याङ्कनको प्रयोग गर्ने समय | २० |
| ४.४ | जनता प्रा. वि. मा शै.स. २०६१ र २०६२ मा विद्यालय छाड्ने दर | २२ |
| ४.५ | दुर्गा नि. मा. वि.मा शै.स. २०६१ र २०६२ मा विद्यालय छाड्ने दर | २३ |
| ४.६ | जनकल्याण मा. वि.मा शै.स. २०६१ र २०६२ मा विद्यालय छाड्ने दर | २४ |
| ४.७ | जनता प्रा. वि.मा शै.स. २०६७ र २०६८ मा विद्यालय छाड्ने दर | २५ |
| ४.८ | जनता प्रा. वि.मा शै.स. २०६७ र २०६८ मा विद्यालय छाड्ने दर | २६ |
| ४.९ | दुर्गा नि. मा. वि. मा शै.स. २०६७ र २०६८ मा विद्यालय छाड्ने दर | २७ |
| ४.१० | जनकल्याण मा. वि.मा शै.स.२०६७ र २०६८ मा विद्यालय छाड्ने दर | २८ |
| ४.११ | जनता उ. मा. वि. मा शै.स.२०६७ र २०६८ मा विद्यालय छाड्ने दर | २९ |
| ४.१२ | जनता प्रा. वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३० |
| ४.१३ | दुर्गा नि.मा.वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३२ |
| ४.१४ | जनकल्याण मा.वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३३ |
| ४.१५ | जनता उच्च मा.वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३४ |
| ४.१६ | निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दरको तुलना | ३५ |

# चित्र सूचि


| चित्र नं. | | पृष्ठ संख्या |
|---|---|---|
| ४.१ | जनता प्रा. वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३१ |
| ४.२ | दुर्गा नि.मा.वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३२ |
| ४.३ | जनकल्याण मा.वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३३ |
| ४.४ | जनता उच्च मा.वि.मा निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दर | ३४ |
| ४.५ | निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनु अघि र पछि विद्यालय छाड्ने दरको तुलना | ३५ |

# संक्षिप्त शब्दको पूरा रुप

| | |
|---|---|
| GER | Gross Enrollment Rate, सहजै देखिने भर्ना दर |
| NER | Net Enrollment Rate, खुद भर्ना दर |
| गा.वि.स. | गाउँ विकास समिति |
| वि.नि. | विद्यालय निरीक्षक |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| सेरिड | शैक्षिक अनुसन्धान तथा विकास केन्द्र |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शै.स. | शैक्षिक सत्र |